# लोक सेवा आयोग

## दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर

### शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**सूचना नं. १/२०७४/७५**

**(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति : २०७४/०६/१०)**

लोक सेवा आयोग, दरखास्त व्यवस्थापन केन्द्रले विगतमा जस्तै विभिन्न पदहरुको विज्ञापनको लागि Online मार्फत दरखास्त लिने व्यवस्था गरेको हुँदा चालु आ.व. २०७४/७५ मा प्रकाशन हुने विभिन्न पदहरुको विज्ञापनका लागि Online मार्फत दरखास्त दिने उम्मेदवारहरुलाई SMS service द्वारा सुसूचित गराउने प्रयोजनको लागि आवश्यक पर्ने SMS सेवा शिलबन्दी दरभाउपत्र प्रक्रिया मार्फत खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व.को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवं आ.व. ०७२/७३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी लिखित निवेदन पेश गरी रु. १,०००।- (अक्षरुपी एक हजार मात्र) राजस्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस केन्द्र तथा लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरको भण्डार शाखाबाट समेत खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको शिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२.०० बजेभित्र यस केन्द्रको नाममा सम्बोधन गरी शिलबन्दी दरभाउपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख तथा सही छाप गरी शिलबन्दी लाहाछाप लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस केन्द्रमा तोकिएको समयभित्रै दर्ता गराइसक्नुपर्नेछ। तोकिएको समय पश्चात् प्राप्त हुन आएका दरभाउपत्रहरु स्वीकार गरिने छैन। यो शिलबन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले १६औं दिनको दिउँसो २.०० बजे दरभाउपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा कार्यालय प्रमुखको कार्यकक्षमा खोलिने छ। दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन।

३. शिलबन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसायी सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात शिलबन्दी दरभाउपत्र फारामसाथ पेश गर्नुपर्नेछ।

४. शिलबन्दी दरभाउपत्रसाथ जमानत वापत तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय (समन्वय कार्यालय), थापाथली, काठमाडौंको नाममा नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ कार्यालय कोड नं. २७-२१०-०३ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस केन्द्रको नाममा जारी गरिएको दरभाउपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी ७५ दिन अवधि (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bidbond) संलग्न गरी पेश गर्नुपर्ने छ।

५. सेवा प्राप्त गरे वापतको भुक्तानी SMS सेवा उपयोग गरेको संख्याको आधारमा गरिने छ।

६. शिलबन्दी दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा उल्लेख भए बमोजिम हुने र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका प्रचलित कानून बमोजिम हुने छ।

७. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक बिदा परेमा सो पश्चात् कार्यालय खुल्ने दिनको माथि उल्लेखित समयसम्म समयावधि थप हुने छ। यस्तो अवस्थामा दरभाउपत्र जमानतको मान्य अवधि भने साविककै मितिदेखि गणना गरिने छ।

८. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित रहनेछ। दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस यस केन्द्रमा आई वा यस केन्द्रको फोन नं. ०१-४७७०२३४ मा सम्पर्क गरी बुझ्न सकिने छ। यस सम्बन्धी सूचना लोक सेवा आयोगको वेभसाइट www.psc.gov.np मा पनि हेर्न सकिने छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | कामको बिबरण | बोलपत्र दस्तुर | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | १।०७४।७५ | Online SMS Service | रु. १०००।- | रु. ४०,०००।- | |